National News

9/7/2024

मुख्य समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, भारतलाई विश्‍वको तेस्रो सबै भन्दा ठूलो अर्थव्यवस्था बनाउनु सरकारको लक्ष्य रहेको छ
- जम्मू-श्रीनगर राष्ट्रीय राजमार्ग- 44 मा गरियो कड़ा सुरक्षा
- असममा बाढ़का कारण मारिएका मानिसहरूको संख्या पुग्यो बहत्तर
- एस.आई.टी द्वारा रिपोर्ट सुम्पीए पछि छ जना अधिकारीलाई गरियो निलम्बित,
- सिक्किमका मुख्यमन्त्री तथा उहाँकी आमाले लिनुभयो 'एउटा रूख आमाको नाम' अभियानमा भाग

प्रधानमन्त्री-भारतीय समुदाय

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, सरकारको लक्ष्य आफ्नो तेस्रो कार्यकालमा भारतलाई विश्‍वको तेस्रो सबै भन्दा ठूलो अर्थव्यवस्था बनाउनु रहेको छ। रूसको मस्कोमा भारतीय समुदायलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, आज भारतले जुनै पनि लक्ष्य निर्धारीत गर्छ त्यो हासिल गर्छ। तेस्रो पल्ट सरकार गठन पछि प्रवासी भारतीय समुदायसीत यो उहाँको पहिलो बातचीत हो। प्रधानमन्त्रीले तीन गुना धेरै बल अनि गतिका साथ काम गर्ने प्रतिज्ञा लिनुभएको पनि आफ्नो सम्बोधनमा बताउनु भयो।

राष्ट्रपति आतङ्की हमला

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भन्नुभएको छ , जम्मू कश्मीरको कठुआ जिल्लामा आतंकवादीद्वारा सेनाका जवानको काफिलामा गरिएको हमला एउटा कायरता पूर्ण कार्य हो , जसको निन्दा गरिनुपर्छ र यसको जवाब दिनका लागि कडा पाइला चाल्नु पर्छ। सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभएको छ, उहाँको सहानुभूति ती बहादुरहरूका परिवारसीत छ जसले आतंकवादका सबै रूप विरूद्ध चलिरहेको यस लडाईमा आफ्नो प्राण दिएका छन् । उहाँले घाइते भएकाहरूको शीघ्र स्वास्थ लाभको कामना पनि गर्नुभएको छ।

जम्मू-कश्मीर-सुरक्षा

जम्मू-कश्मीरमा हिजो कठुआ जिल्लाको माचेड़ी क्षेत्रमा सेनाको एउटा ट्रकमा घातक आतंकी आक्रमण भएपछि जम्मू-श्रीनगर राष्ट्रीय राजमार्ग 44 मा सुरक्षा कड़ा गरिएको छ । यस आतंकी आक्रमणमा सेनाका पाँच जवानले वीरगती प्राप्त गरे। जम्मूका संवाददाताले बताए अनुसार यस आतंकी आक्रमण पछि केन्द्रीय औद्योगिकी सुरक्षा बल –सी.आई.एस.एफ केन्द्रीय

रिजर्व पुलिस बल –सी.आर.पी.एफ  र जम्मू-कश्मीर पुलिसलाई उधमपुरको जम्मू-श्रीनगर राष्ट्रीय राजमार्ग 44 मा तैनात गरिएको छ। आज बिहान उधमपुर भएर अमरनाथ यात्रा गर्दै गरेका तीर्थयात्रीहरूको 11औँ टोली पारभएको परिदृश्यमा यो कदम उठाइएको थियो। तीर्थयात्रीको सुरक्षा सुनिश्चित गर्नका लागि सुरक्षाबलले बहुस्तरीय सुरक्षा प्रबन्ध गरेको हो।

<u>असम-बाढ़</u>

असममा बाढ़का कारण मारिएका मानिसहरूको संख्या बहत्तर सम्म पुगेको छ। राज्यमा बाढ़को स्थितिमा थोरै सुधार भएको छ, तर सत्ताइसवटा जिल्लामा बाइस लाख भन्दा अधिक मानिसहरू अहिले पनि बाढ़संग जुझिरहेका छन्। राज्य भरीमा एकानब्बे राजस्व मण्डलका तीन हजार एक सय भन्दा अधिक गाउँ बाढ़ले प्रभावित छन् र उन्नचास हजार हेक्टर भन्दा अधिक फसल क्षेत्रलाई नोकसान हुन पुगेको छ। एन.डी.आर.एफ र यसको टोलीले हिजो दुई सय अठाह्र जना मानिसलाई बचाएको छ। ब्रह्मपुत्र, बराक र सबै सहायक नदीहरू खतराको स्तरभन्दा माथी बहदैछन्। बाढ़का कारण हिजो एक सय सताइसवटा सड़क र दुईवटा पुल अतिरिक्त अन्य आधारभूत पूर्वाधारलाई पनि क्षति पुगेको छ। राज्य सरकारद्वारा दुई सय पैँतालीसवटा राहत शिविर अनि दुई सय अन्ठानब्बैवटा राहत वितरण केन्द्र खोलिएको छ। अहिले यसबाट पीड़ित त्रिपन्न हजार भन्दा धेरै मानिस राहत शिविरमा छन्।

<u>नौसेना एआई हब</u>

पूर्वी नौसेना कमाण्ड भाइस एडमिरल श्री राजेश पेन्ढारकरले हिजो विशाखापट्टनमको समुद्री सन्दर्भ पुस्तकालयमा कृत्रिम बुद्धिमत्ता अनुभव केन्द्रको उद्घाटन गर्नुभयो। भारतीय नौसेनामा अत्याधुनिक प्रौद्योयोगिकी अप्नाउने प्रयासमा यो पहल उठाइएको हो। यस कृत्रिम बुद्धिमत्ता अनुभव केन्द्रमा नौसेना कर्मीहरूका लागि यस क्षेत्रमा क्रान्तिकारी प्रगतीको लाभ उठाउन सकियोस भनेर कृत्रिम बुद्धिमत्ता-ए.आई द्वारा जोडीएको अत्याधुनिक उपकरण उपलब्ध गरिएको छ। यस पहलको उद्देश्य सेनाका सबै क्षेत्रमा ज्ञान, अनुभव र यसको प्रयोगलाई बढावा दिनु हो।

उत्तराखण्ड -मुख्यमन्त्री

उत्तराखण्डका मुख्यमन्त्री श्री पुष्कर सिंह धामीले आज राज्यको कुमाउँमा बाढ़ प्रभावीत क्षेत्रको हवाई सर्वेक्षण र जमीनी निरीक्षण गर्नुभयो । सात र आठ जुलाईमा भएको निरन्तर वर्षाका कारण उधमसिंह नगर अनि चपानवत जिल्लाका केही स्थानमा पानी भरिएका कारण बाढ़ जस्तो स्थिति बनेको छ। एक हजार चार सय भन्दा अधिक मानिसलाई उधम सिंह नगरको सितारगन्ज र खातीमा तहसिलका केही स्थानबाट निकालेर सुरक्षित ठाउँमा पुराइएको छ भने एक सय पचास परिवारका चार सय मानिसलाई चपानवत जिल्लाको पूर्णा गिरिबाट निकालेर सुरक्षित स्थानमा पुराईएको छ। अहिले सम्म क्षेत्रका एक सय बीसजना प्रभावित मानिसलाई कुल छ लाख रुपियाँको सहायता राशी दीइएको छ। यसै बीच मौसम विभागले हिजो राज्यका केही स्थानमा परेको वर्षाका कारण येल्लो अलर्ट जारी गरेको छ।

प्रधान-शिक्षा-शब्द

केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले राज्य र केन्द्र शासित प्रदेशसंग सहयोगात्मक शिक्षा प्रणाली बनाउनका लागि मिलेर काम गर्न आह्वान गर्नुभयो। श्री प्रधानले आज नयाँ दिल्लीमा राज्य र केन्द्रशासित प्रदेशसंग विद्यालयी शिक्षा र साक्षरता विभागको समीक्षा बैठकको उद्घाटन सत्रलाई संबोधन गर्नुभयो। उहाँले विद्यालयी शिक्षाको समग्र विकासका लागि अघिल्लो पाँच वर्षको प्रारूपमा आफ्नो विचार साझा गर्नुभयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विकसित भारतको दृष्टिकोणको शिक्षा एक प्रमुख स्तम्भ हो।

हाथरस गिरफ्तार

उत्तर प्रदेश सरकारले विशेष जाँच दल – एस.आई.टी द्वारा रिपोर्ट सुम्पीए पछि हाथरस भगदौड़ मामिलामा छ जना अधिकारीलाई निलम्बित गरेको छ । विशेष जाँच दलले आज आफ्नो रिपोर्ट सुम्पियो जसमा भनिएको छ , घटना पछीका प्रमुख कारण कार्यक्रम आयोजकको लापरवाही हो । रिपोर्टका आधारमा हाथरस जिल्लाका जिला उपायुक्त , सी ओ अनि तहसीलदार सहित छ जना मानिसलाई निलम्बित गरियो। हाम्रा संवाददाताअनुसार रिपोर्टमा स्थानीय प्रशासनलाई जिम्मेबार बताइएको छ । दुई सदस्य भएको विशेष जाँच दलले यो पनि बताएको छ कि घटनामा षड्यन्त्रबाट पनि टाडा भाग्न सकिदैन त्यसैले गहिरो जाँचको आवश्यक्ता छ। कार्यक्रम आयोजकले एकत्रित भीड़का लागि पर्याप्त व्यवस्था गरेको थिएन । यस दलले दुई तीन र पाँच जुलाईको घटनास्थलमा गएर एक सय पचिस जना मानिससंग सोधीखोजी गरेर रिपोर्ट बुझाएको छ । रिपोर्टका आधारमा सरकारले सिकन्दरा राउका जिला उपायुक्त, तहसीलदार, सरकील अफिसर, एस ओ र दुई अन्य पुलिस अधिकारीलाई निलम्बित गरेको छ।

## <u>सिक्किम एक पेड अभियान</u>

सिक्किमका मुख्यमन्त्री श्री  प्रेमसिंह तामाङ र उहाँकी आमा श्रीमती धन माया तामाङले मिन्तोकगाङमा 'एउटा रूख आमाको नाम' अभियान अन्तर्गत वृक्षरोपण गरेर  सप्ताहव्यापी पर्यावरण पर्वमा भाग लिनुभयो। विश्व पर्यावरण दिवसमा प्रधानमन्त्री श्री  नरेन्द्र मोदी द्वारा शुरू गरिएको यो अभियानले आमाहरूलाई सम्मान र पर्यावरण संरक्षणलाई बढ़ावा दिन्छ। मुख्यमन्त्रीले सबैलाई अभियानसंग जुड़ीनका लागि प्रोत्साहित  गर्दै आफ्नी आमा र प्रधानमन्त्रीलाई आभार व्यक्त  गर्नुभयो। कार्यक्रममा अध्यक्ष, मन्त्री गण, सलाहकार अनि विधानसभा सदस्यले पनि भाग लिए।